# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

प.सं. :- २०८१/०८२
च.नं. :सुचना

मितिः- २०८२/०१/०५

श्री सवै सामुदायिक/धार्मिक बिद्यालयहरु
पर्सागढी नगरपालिका,पर्सा ।

विषय : विद्यार्थी भर्ना अभियान तथा कक्षा संचालन सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय रुपमा घोषित शिक्षक आमहड्ताल र शिक्षकहरुले उठान गर्नुभएका जायज मागहरुको सन्दर्भमा पर्सागढी नगरपालिका नगर शिक्षा समितिको सर्मथन रहेको छ । शिक्षकहरुको जायज मागको समर्थन गर्दा विद्यालयमा अध्ययनरत बालवालिकाहरुको पढन पाउने नैसर्गिक अधिकार लाई सुनिश्चितता गर्नुपनि हामी सवैको साझा दायित्व हो । संस्थागत र सामुदायिक बिद्यालयहरु बिच देखापरिरहेको शैक्षिक उपलब्धिको खाडल लाई कम गर्नु आजको मुख्य चुनौती समेत हामी माझ आईपरेको छ । शै.स.को शुरुवातमा बिद्यार्थी भर्ना अभियान लाई सशक्त बनाउदै कक्षा संचालन गर्नुपर्नेमा शिक्षक आमहड्तालका कारण सवै बिद्यालयहरु बन्द अवस्थामा छन । भोलिका दिन बिद्यालयमा बालबालिका नै नभए हामिले कसलाई शिक्षा दिने ? विद्यालयहरु मर्ज (गाभिने) हुने अवस्था निश्चित छ । तसर्थ हाल भइरहेको शिक्षक आमहड्ताल प्रतिनिधिमुलक रुपमा अगाडी वढोस् र पर्सागढी नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरुको विद्यार्थी भर्ना अभियान तथा कक्षा संचालन मिति २०८२/०१/०७ गते देखि गर्नु गराउनुहुन मिति २०८२/०१/०४ को नगर शिक्षा समितिको निर्णयानुसार सम्पुर्णमा जानकारी गराइन्छ ।

गोकर्ण पाठक
संयोजक
नगर शिक्षा समिति, पर्सागढी नगरपालिका

गोकर्ण पाठक
नगर प्रमुख